मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार,लमजुङ

गण्डकी प्रदेश,नेपाल


पत्र संख्या:-२०७६/७७

चलानी नं:- (शिक्षा) १६६

फोन नं: ०६६-४१०१५२

मिति:- २०७६ फागुन ७ गते

श्री मध्यनेपाल नगरपालिका स्थित सबै माध्यमिक विद्यालयहरु,

विषय:- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा।

प्रस्तुत विषयमा मध्यनेपाल नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मध्यनेपाल नगरपालिकाको आयोजना तथा श्री भैरवकाली माध्यमिक विद्यालयको व्यवस्थापनमा यहि २०७६ फागुन १२ र १३ गते मध्यनेपाल -४ स्थित श्री भैरवकाली माध्यमिक विद्यालयको खेलमैदानमा सन्चालन हुने भएकोले सम्पूर्ण माध्यमिक विद्यालयहरुले तोकिएको खेल इभेन्ट्समा आआफ्ना विद्यालयका विद्यार्थीहरुलाई प्रतियोगितामा अनिवार्य सहभागीता गराउनुहुन अनुरोध छ।

२०७६।११।६

श्रीप्रसाद भट्टराई

उपसचिव

श्रीप्रसाद भट्टराई
उप-सचिव
शिक्षा शाखा प्रमुख

## खेल समय तालिका

| मिति | सयम | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| २०७६ फागुन १२ | १०:३०-१२:३० | मार्च पास, झाँकी, उद्घाटन, नृत्य | |
| | १२:३०-५:३० | भलिवल सेमीफाइनलसम्म(छात्र / छात्रा) | २ वटा कोर्टमा |
| २०७६ फागुन १३ | ८:००-९:०० | ३००० मी दौड(छात्र/छात्रा) | |
| | ८:००-९:०० | १५०० मी दौड(छात्र/छात्रा) | |
| | १०:००-१:०० | हाइजम्प, लङ्जम्प, ट्रिपलजम्प, सटपुट | |
| | १:००-३:०० | १००मी/२००मी/८००मी दौड/ ज्यावलिङ थ्रो/१००×४ मी रिले/४००×४ मी रिले दौड (छात्र/छात्रा) | शिशाघाट चौरमा |
| | ३:००-४:३० | भलिवल फाइनल (छात्र/छात्रा) | |
| | ४:३० देखि | पुरस्कार वितरण र समापन | |

श्रीप्रसाद भट्टराई
उप-सचिव
शिक्षा शाखा प्रमुख

Website: http://madhyanepalmun.gov.np

E-mail id: madhyanepalmun@gmail.com

मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार,लमजुङ
गण्डकी प्रदेश,नेपाल

पत्र संख्याः-२०७६/७७
चलानी नं:- (शिक्षा)

फोन नं: ०६६-४१०१५२

## प्रतियोगिता सन्चालनका नियमहरु-

१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगित सन्चालन निर्देशिका (चौँथो संशोधन) २०७० को व्यवस्था अनुसार हुनेछ।
२. टिम/नाम दर्ता तोकिएको फारम भरी मिति २०७६ फागुन ११ गते दिउसो ४ बजेसम्म गरिसक्नु पर्नेछ।
३. खेलाडी विद्यार्थीहरु सम्बन्धित विद्यालयमा कक्षा १२ सम्म अध्ययनरत रहेको र १८ वर्षसम्मको हुनु पर्नेछ।
४. खेल प्रतियोगिता उद्धाटन प्रतियोगितामा सबै विद्यालयहरुले विद्यार्थीहरुलाई झण्डासहित मार्चपासमा अनिवार्य उपस्थित गराउनु पर्नेछ।
५. खेल सन्चालन निर्धारित समयमा सुरु हुनेछ र खेलाडीलाई समयमा नै उपस्थित गराउनु पर्नेछ। खेल सुरु भएपछि आएका विद्यार्थीलाई खेलमा समावेश गरिने छैन।
६. खेलाडी विद्यार्थीहरूले मर्यादित, अनुशासित र नियमपूर्वक खेलमा भाग लिनु पर्नेछ। सोको व्यवस्थापन गर्नु सम्बन्धित विद्यालयको दायित्व हुनेछ।
७. टिम/नाम दर्ता नभएका विद्यार्थीहरुलाई प्रतियोगिताम समावेश गराइने छैन।
८. खेलाडी विद्यार्थीहरुलाई विद्यालयको परिचय पत्रसहित उपस्थित गराउनु पर्नेछ।
९. एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकका आधारमा खेल खेलाइनेछ।
१०.प्रत्येक इभेन्ट्समा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीलाई प्रमाणपत्र र मेडल प्रदान गरिनेछ।
११.विद्यालयबाट प्रत्येक इभेन्ट्समा एक जना/एक टिम मात्र सहभागी गराइनेछ।
१२.प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरुलाई क्रमशः नगद रु १० हजार, रु ७ हजार र रु ५ हजार पुरस्कारका साथमा रनिङ शिल्ड/ कप र प्रमाणपत्र प्रदान गरिनेछ।
१३.गैर खेलाडी समावेश भएको पाइएमा नियमानुसार कारवाही हुनेछ।
१४.खेल सम्बन्धी कुनै दुविधा भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ।
१५.सहभागी खेलाडीहरुलाई खाजा र यातायात खर्चको व्यवस्था गरिएको छ।
१६.विद्यार्थीहरुलाई भलिवल खेलमा सहभागी गराउने विद्यालयको प्रतिनिधि भलिवल टाइसिट वनाइने समय २०७६ फागुन ११ गते ४ वजे उपस्थित हुनुपर्नेछ।

*थप जानकारीको लागि श्री अजित थापा (मो.नं. ९८४३४४०८४३) र श्री हरिश्चन्द्र लम्साल (९८५६०४६३६६) मा सम्पर्क गर्न सक्नुहुनेछ।*

२०७६।११।६

श्रीप्रसाद भट्टराई
उप-सचिव
शिक्षा शाखा प्रमुख

Website: http://madhyanepalmun.gov.np
E-mail id: madhyanepalmun@gmail.com

## सहभागी हुन भर्नु पर्ने फारमको ढाँचा

१. सहभागी विद्यार्थीको नामः-

२. विद्यालयको नाम र ठेगानाः-

३. अध्ययनरत कक्षाः-

४. लिङ्गः-

५. जम्म मितिः-

६. सहभागी हुने खेलहरुः-

७. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः-

८. उल्लेखित व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्ने प्रधानाध्पकको

| | |
|---|---|
| नामः- | |
| हस्ताक्षरः- | |
| मितिः- | |
| मोवाइल नं:- | |
| विद्यालयको छापः- | सहभागीको फोटो |